*"उन्नत तथ्याङ्क उन्नत जीवन"*

# वार्षिक प्रगति प्रतिवेदन

## (आर्थिक वर्ष २०८१/८२)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौं

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ४१ तथा तथ्याङ्क ऐन, २०७९ को दफा ३३ बमोजिम

# वार्षिक प्रगति प्रतिवेदन

## (आर्थिक वर्ष २०८१/८२)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथली, काठमाडौं

२०८२

**उद्धरण प्रयोजनार्थः**

राष्ट्रिय तथ्याङ्क कार्यालय (वि.सं. २०८२), *वार्षिक प्रतिवेदन, २०८१/८२,* काठमाडौं।

# राष्ट्रिय तथ्याङ्क कार्यालयको

## वार्षिक प्रतिवेदन (तेस्रो अङ्क)

आर्थिक वर्ष २०८१/८२

**<u>प्रकाशकः</u>**

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौं

फोन नं: +९७७ १ ५३६५३२३ / ०१-५३२९४०६

इमेल: info@nsonepal.gov.np

वेबसाइटः https://nsonepal.gov.np

प्रकाशन वर्ष: २०८२

प्रकाशन प्रति:

मुद्रक:

## संरक्षक

| | |
|---|---|
| प्रमुख तथ्याङ्क अधिकारी | श्री मधु सुदन बुर्लाकोटी |

## सम्पादक मण्डल

| | |
|---|---|
| उप-प्रमुख तथ्याङ्क अधिकारी | डा. शरद कुमार शर्मा (योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा र सामाजिक तथ्याङ्क महाशाखा) |
| उप-प्रमुख तथ्याङ्क अधिकारी | श्री ढुण्डीराज लामिछाने (राष्ट्रिय लेखा तथ्याङ्क महाशाखा र आर्थिक तथ्याङ्क महाशाखा) |
| निर्देशक | श्री राजन सिलवाल (जनसङ्ख्या शाखा) |
| निर्देशक | श्री मनोहर घिमिरे (घरपरिवार सर्वेक्षण शाखा) |
| निर्देशक | श्री ज्योति के.सी. (योजना शाखा) |
| शाखा अधिकृत | श्री रेखा सिग्देल (प्रशासन शाखा) |
| तथ्याङ्क अधिकृत | श्री विशाल कुमार खड्का (योजना शाखा) |

## प्रतिवेदन तयारीमा संलग्न अन्य कर्मचारी

| | |
|---|---|
| निर्देशक | श्री तीर्थराज चौलागाई (कृषि तथा पशुपंक्षी गणना शाखा) |
| निर्देशक | श्री विनोद शरण आचार्य (जनसङ्ख्या शाखा) |
| निर्देशक | श्री ऋषिराम सिग्देल (राष्ट्रिय लेखा शाखा) |
| निर्देशक | श्री वेद प्रसाद ढकाल (आर्थिक गणना शाखा) |
| निर्देशक | श्री तीर्थराज बराल (कृषि तथा वन तथ्याङ्क शाखा) |
| तथ्याङ्क समन्वय अधिकारी | श्री प्रभा बराल (तथ्याङ्क समन्वय कार्यालय, काठमाडौं) |
| निर्देशक | श्री सन्ध्या दाहाल (सामाजिक तथा लैङ्गिक तथ्याङ्क शाखा) |
| तथ्याङ्क अधिकृत | श्री चन्द्र बहादुर पाल (मुल्य तथ्याङ्क शाखा) |
| तथ्याङ्क अधिकृत | श्री धन बहादुर बि.सी. (तालिम शाखा) |
| कानुन अधिकृत | श्री सरिता ज्ञवाली (प्रशासन शाखा) |
| तथ्याङ्क अधिकृत | श्री खगेन्द्र पौडेल (तथ्याङ्क समन्वय कार्यालय,काभ्रेपलाञ्चोक) |
| तथ्याङ्क सहायक | श्री बलराम सिँथानी मगर (योजना शाखा) |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन ४२४५९४६, ४२४५९४७, ४२४५९४८, ४२४५८४८, ४२४१८०१, ४२२८४०६

फ्याक्स: ९७७-१-२२७७२०
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौँ

पत्र संख्या:
च.नं.:-

## मन्तव्य

राष्ट्रिय तथ्याङ्क कार्यालयले साबिकको केन्द्रीय तथ्याङ्क विभागको स्थापना कालदेखि नै मुलुकको आर्थिक, सामाजिक तथा जनसाङ्ख्यिक क्षेत्रका तथ्याङ्कको सङ्कलन, प्रशोधन, प्रकाशन र वितरण गर्दै आइरहेको छ। पछिल्लो तीन दशकमा यसले वातावरणीय क्षेत्रका तथ्याङ्कसमेत प्रकाशन गर्दै आएको छ। राष्ट्रिय तथ्याङ्क प्रणालीको मेरूदण्डको रूपमा रहेको यस कार्यालयले राज्यको नीति निर्माण, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक पर्ने तथ्याङ्क आपूर्तिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। तथ्याङ्क ऐन, २०७९ को दफा ३३ ले गरेको व्यवस्थाअनुसार कार्यालयले तथ्याङ्कसम्बन्धी कार्यको वार्षिक कार्यविवरणसहितको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र प्रकाशन गरी विद्युतीय माध्यमबाट समेत सार्वजनिक गर्नुपर्ने प्रावधान रहेको छ।

यो प्रतिवेदनले राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकारलाई बुझ्न र सोअनुसार आर्थिक वर्ष २०८१/८२ मा सम्पादन भएका कामकारबाहीहरूको प्रगति लेखाजोखा गर्न सहयोग पुग्नेछ। आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरिने कार्यक्रमहरूका लागि आवश्यक पृष्ठपोषण, आन्तरिक तहको मूल्याङ्कन, तालुक निकायबाट हुने अनुगमन, लेखापरीक्षण, तथ्याङ्कीय सुशासन र नीति निर्माणका लागि समेत प्रतिवेदन उपयोगी हुनेछ।

प्रतिवेदनको तयारीमा संलग्न योजना शाखा लगायत सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। आगामी वर्षहरूमा यसलाई अझै सूचनाप्रद र बहुउपयोगी बनाउन कार्यालय निरन्तर प्रयत्नरत रहनेछ। साथै, प्रयोगकर्ताका रचनात्मक सुझाव र पृष्ठपोषणलाई सम्मानपूर्वक ग्रहण गर्दै अझ उत्कृष्ट प्रकाशन प्रस्तुत गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

मधु सुदन बुर्लाकोटी
प्रमुख तथ्याङ्क अधिकारी

# विषय-सूची

**सारांश**

**परिच्छेद १: परिचय**

**१.१ पृष्ठभूमि** १

**१.२ नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली** २

**१.३ राष्ट्रिय तथ्याङ्क कार्यालय**

१.३.१ उद्देश्य २

१.३.२ सांगठनिक स्वरूप ३

१.३.३ काम, कर्तव्य र अधिकार ५

**१.४ राष्ट्रिय तथ्याङ्क परिषद्** ६

**१.५ कार्यालयको कार्यसम्पादनका नीतिगत तथा कानुनी आधार**

१.५.१ नेपालको संविधान ६

१.५.२ तथ्याङ्क ऐन, २०७९ र तथ्याङ्क नियमावली, २०८० ८

१.५.३ तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो (आ.व. २०८१/८२ - २०८५/८६) ९

१.५.४ सोह्रौ योजना (आ.व. २०८१/८२ - २०८५/८६) १०

१.५.५ आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम ११

१.५.६ आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य ११

**परिच्छेद २: आर्थिक वर्ष २०८१/८२ का प्रमुख कार्यक्रम र उपलब्धी**

**२.१ आर्थिक वर्ष २०८१/८२ का प्रमुख कार्यक्रमहरू**

२.१.१ राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सम्पादित प्रमुख कार्यक्रम १२

२.१.२ तथ्याङ्क समन्वय कार्यालयहरुबाट सम्पादित प्रमुख कार्यक्रम १४

**२.२ आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन भई २०८१/८२ मा नतिजा सार्वजनिक गरिएका सर्वेक्षण सम्बन्धी विवरण**

२.२.१ राष्ट्रिय होटल तथा रेष्टुरेष्ट सर्वेक्षण, २०८० १६

**२.३ आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन भई नतिजा प्रकाशन भएका सर्वेक्षण**

**सम्बन्धी विवरण**

२.३.१ नाफा नकमाई घरपरिवारलाई सहयोग गर्ने संस्थाहरू (NPISHs) को सर्वेक्षण, २०८१ १७

२.३.२ बालश्रम सर्वेक्षण, २०८२ (दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका, खोटाङ) १८

२.३.३ आलुखेती सर्वेक्षण (काभ्रेपलाञ्चोक जिल्ला) १९

**२.४ आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन भई आर्थिक वर्ष २०८२/८३ मा नतिजा प्रकाशन हुने सर्वेक्षण सम्बन्धी विवरण** २०

**२.५ आर्थिक वर्ष २०८१/८२ मा सञ्चलन भएका सर्वेक्षण बाहेकका अन्य कार्यक्रमका प्रमुख नतिजा सम्बन्धी विवरण**

२.५.१ राष्ट्रिय जनगणना, २०७८ को १६ वटा प्रतिवेदन २१

२.५.२ राष्ट्रिय लेखा अनुमानसँग सम्बन्धित प्रमुख सूचक २५

२.५.३ मूल्य तथा उत्पादन सूचकाङ्क २६

२.५.४ अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program – ICP 2024) सँग सम्बन्धित मूल्य सूचकाङ्क २७

२.५.५ आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क समन्वय कार्यालयबाट सञ्चालित तालिम/गोष्ठी कार्यक्रमबाट लाभान्वित सङ्ख्या २७

२.५.६ आर्थिक वर्ष २०८१/८२ मा अन्तर्राष्ट्रिय तालिम/सेमिनार गोष्ठीबाट लाभान्वित सङ्ख्या २८

२.५.७ विभिन्न सञ्चार माध्यमबाट लाभान्वित सङ्ख्या २८

**२.६ सम्पादित प्रमुख कार्यक्रमहरूको उपलब्धि** २८

**परिच्छेद ३: माइलस्टोन, भौतिक तथा वित्तीय प्रगति**

३.१ माइलस्टोन ३०

३.२ भौतिक तथा वित्तीय प्रगति

३.२.१ आर्थिक वर्ष २०८१/८२ को बजेट र खर्चको सारांश तथा वित्तीय प्रगति ३२

३.२.२ भौतिक प्रगति ३४

३.२.३ तथ्याङ्क समन्वय कार्यालयहरूको भौतिक तथा वित्तिय प्रगति ३५

**परिच्छेद ४ः कानूनी प्रावधानको कार्यान्वयन अवस्था** ३८

**परिच्छेद ५ः आर्थिक प्रशासन**

५.१ बेरूजु र बेरूजु फछ्र्यौटको अवस्था ४०

५.२ राजश्व ४०

५.३ भौतिक सम्पत्ति विवरण ४१

**परिच्छेद ६ः समस्या, समाधानका उपाय, अवसर र चुनौती** ४२

**अनुसूचीहरू** ४५

# तालिका-सूची


| | | |
|---|---|---|
| तालिका १ | संविधानमा उल्लेख भएका तथ्याङ्कसम्बन्धी विषय | ७ |
| तालिका २ | आर्थिक वर्ष २०८१/८२ का माइलस्टोन सम्बन्धी विवरण | ३० |
| तालिका ३ | आर्थिक वर्ष २०८१/८२ को बजेट र खर्चको सारांश तथा वित्तीय प्रगति | ३३ |
| तालिका ४ | आर्थिक वर्ष २०८१/८२ को भौतिक प्रगति (प्रतिशतमा) | ३४ |
| तालिका ५ | आर्थिक वर्ष २०८१/८२ को तथ्याङ्क समन्वय कार्यालयको भौतिक तथा वित्तीय प्रगति (प्रतिशतमा) | ३६ |
| तालिका ६ | आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सङ्कलित राजश्व | ४१ |
| तालिका ७ | आर्थिक वर्ष २०८१/८२ को भौतिक सम्पत्ति सम्बन्धी विवरण | ४१ |
| तालिका ८ | समस्या र समाधानका उपाय | ४२ |


# चित्र-सूची


| | | |
|---|---|---|
| चित्र १.१ | राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना | ३ |
| चित्र १.२ | तथ्याङ्क समन्वय कार्यालय र कार्यक्षेत्र | ४ |
| चित्र ३.१ | माइलस्टोनको प्रगति स्थिति | ३१ |
| चित्र ३.२ | आर्थिक वर्ष २०८१/८२ को सम्रग वित्तीय प्रगति (प्रतिशतमा) | ३४ |
| चित्र ३.३ | आर्थिक वर्ष २०८१/८२ को समग्र भौतिक प्रगति (प्रतिशतमा) | ३५ |
| चित्र ३.४ | आर्थिक वर्ष २०८१/८२ को तथ्याङ्क समन्वय कार्यालयहरूको चालुतर्फको भौतिक तथा वित्तीय प्रगति | ३७ |
| चित्र ३.५ | आर्थिक वर्ष २०८१/८२ को तथ्याङ्क समन्वय कार्यालयहरूको पुँजीगततर्फको भौतिक तथा वित्तीय प्रगति | ३७ |
| चित्र ५.१ | राष्ट्रिय तथ्याङ्क कार्यालयको हालसम्मको बेरूजु | ४० |
| चित्र ५.२ | तथ्याङ्क समन्वय कार्यालयहरूको हालसम्मको बेरूजु | ४० |

# अनुसूची


| | | |
|---|---|---|
| अनुसूची १ः | राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना | ४६ |
| अनुसूची २ः | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्रमा पर्ने जिल्लाहरू र दरबन्दी विवरण | ४७ |
| अनुसूची ३ः | राष्ट्रिय तथ्याङ्क परिषद्को तेस्रो बैठकका निर्णयहरू | ४९ |
| अनुसूची ४ः | राष्ट्रिय तथ्याङ्क परिषद्को चौथो बैठकका निर्णयहरू | ५० |
| अनुसूची ५ः | Microdata Catalogue मा भएका गणना/सर्वेक्षण | ५४ |
| अनुसूची ६ः | आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित प्रकाशन | ५६ |
| अनुसूची ७ः | आर्थिक वर्ष २०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालयबाट प्रकाशित प्रकाशन | ५७ |
| अनुसूची ८ः | केही तस्विर | ६० |

# सारांश

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ र तथ्याङ्क ऐन, २०७९ को दफा ३३ ले सरकारी कार्यालयहरूले हरेक वर्ष वार्षिक प्रगति प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्ने उल्लेख गरेको छ। त्यस्तै सूचनाको हकसम्बन्धी ऐन, २०६४ लगायतका विभिन्न कानुनले नागरिकको सूचना प्राप्त गर्न पाउने अधिकारलाई स्थापित गरेका छन्। यिनै कानुनी व्यवस्थालाई आत्मसात गरी राष्ट्रिय तथ्याङ्क कार्यालय र मातहतका तथ्याङ्क समन्वय कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका कार्य सम्बन्धित सरोकारवाला समक्ष सम्प्रेषण गर्ने उद्देश्यले यो वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले योजना तथा नीति निर्माणका लागि सरकारलाई समयमै गुणस्तरीय तथ्याङ्क उपलब्ध गराउने, देशको सामाजिक-आर्थिक अवस्थाको जानकारी दिने, तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र संरक्षणमा संलग्न विभिन्न निकायहरूसँग समन्वय गर्ने, तथ्याङ्कीय गतिविधिहरूमा अग्रणी भूमिका निर्वाह गर्दै तथ्याङ्कीय प्रणालीको विकास गर्ने, तथ्याङ्कीय जनशक्तिको विकास गर्ने जस्ता कार्यहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालय र मातहतका तथ्याङ्क समन्वय कार्यालयबाट आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित वार्षिक कार्यक्रम, प्रमुख उपलब्धि, माइलस्टोनको प्रगति, भौतिक तथा वित्तीय प्रगति, बेरूजु र बेरूजु फछ्र्यौटको अवस्था, सङ्कलित राजश्व, भौतिक सम्पत्तिको विवरण, समस्या तथा समाधानका उपायहरू, चुनौती र अवसर यस प्रतिवेदनमा समेटिएका छन्।

यस प्रतिवेदनमा जम्मा छ वटा परिच्छेद रहेका छन्। परिच्छेद १ मा कार्यालयको परिचयसँगै कार्यालयको कार्यसम्पादनका नीतिगत तथा कानुनी आधारहरू उल्लेख गरिएको छ। परिच्छेद २ मा आर्थिक वर्ष २०८१/८२ का प्रमुख कार्यक्रमहरूको विवरणसँगै प्रमुख नतिजा र कार्यक्रमहरूको अपेक्षित उपलब्धि उल्लेख गरिएको छ। परिच्छेद ३ मा माइलस्टोन, भौतिक तथा वित्तीय प्रगति उल्लेख गरिएको छ जसमा सम्पन्न हुन नसकेका केही महत्वपूर्ण कार्यक्रमका विषयसमेत उल्लेख छ। परिच्छेद ४ मा तथ्याङ्कसँग सम्बन्धित कानुनी प्रावधानको कार्यान्वयन अवस्थाका बारेमा उल्लेख गरिएको छ। परिच्छेद ५ आर्थिक प्रशासनसँग सम्बन्धित छ जसमा बेरूजु र बेरूजु फछ्र्यौटको अवस्था, राजश्व, भौतिक सम्पत्तिसम्बन्धी विवरण उल्लेख गरिएको छ। अन्तिम परिच्छेदमा यस आर्थिक वर्षमा भोग्नु परेका समस्या तथा समाधानका उपाय, चुनौती र अवसर उल्लेख छ।

आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय तथ्याङ्क कार्यालयले कुल ३७ र प्रत्येक तथ्याङ्क समन्वय कार्यालयले कुल २४ वटा प्रमुख कार्यक्रमहरू सम्पादन गरेका छन्। यसमा तीन वटा सर्वेक्षण (नाफा नकमाई घरपरिवारलाई सहयोग गर्ने संस्थाहरूको सर्वेक्षण, बालश्रम सर्वेक्षण र आलुखेती सर्वेक्षण) सञ्चालन गरी नतिजा प्रकाशन, चार वटा सर्वेक्षण (व्यावसायिक कुखुरापालन सर्वेक्षण, निजी शिक्षण संस्था सर्वेक्षण, केही अस्थायी बालीको उत्पादन लागत अध्ययन/सर्वेक्षण र नेपाल बहुसूचक सर्वेक्षण) को स्थलगत तथ्याङ्क सङ्कलन, एउटा सर्वेक्षण (आन्तरिक पर्यटन सर्वेक्षण) को १२ मध्ये नौ महिनाको तथ्याङ्क सङ्कलन कार्य र गत आर्थिक वर्षको एउटा सर्वेक्षण (राष्ट्रिय होटेल तथा रेष्टुरेष्ट सर्वेक्षण) को नतिजा प्रकाशन रहेका छन्। सर्वेक्षण बाहेकका अन्य कार्यक्रममा १६ वटा राष्ट्रिय जनगणना २०७८ को विषयक्षेत्रगत प्रतिवेदन, राष्ट्रिय लेखा अनुमानसँग सम्बन्धित राष्ट्रिय तथा प्रादेशिक प्रमुख सूचक, मूल्य तथा उत्पादन सूचकाङ्क र अन्य सालवसाली कार्यक्रम रहेका छन्।

वार्षिक बजेटमा विनियोजन भएका तीन वटा कार्यक्रम (राष्ट्रिय आर्थिक गणना, यौनिक तथा लैङ्गिक सर्वेक्षण र नेपाल श्रमशक्ति सर्वेक्षण) सम्पन्न हुन सकेनन्। राष्ट्रिय आर्थिक गणनाका लागि आवश्यक बजेटभन्दा ज्यादै न्यून बजेट विनियोजनका कारण केही पूर्व तयारीका कार्यहरू मात्र सम्पन्न भयो। त्यस्तै नेपाल सरकार र विकास साझेदार संस्थाको सहकार्यमा गर्ने गरी तय भएका दुई वटा कार्यक्रम यौनिक तथा लैङ्गिक सर्वेक्षण र नेपाल श्रमशक्ति सर्वेक्षण विकास साझेदार संस्थासँग सम्झौता हुन नसकेकाले कार्यान्वयन हुन सकेनन्।

राष्ट्रिय तथ्याङ्क कार्यालयको १५ वटा क्रियाकलाप र २९ वटा माइलस्टोन र तथ्याङ्क समन्वय कार्यालयको ३ वटा क्रियाकलाप र ९ वटा माइलस्टोन रहेकोमा सबै क्रियाकलाप तथा माइलस्टोन सम्पन्न भएका छन्। आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय तथ्याङ्क कार्यालयको चालुतर्फ ७२.५ प्रतिशत र पुँजीगततर्फ ९३.५ प्रतिशत गरी कुल ७४.२ प्रतिशत वित्तीय प्रगति भएको छ। तथ्याङ्क समन्वय कार्यालयको चालुतर्फ ७०.० प्रतिशत र पुँजीगततर्फ ९९.० प्रतिशत गरी कुल ७१.१ प्रतिशत वित्तीय प्रगति भएको छ। यसरी राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतको समग्रमा चालुतर्फ ७१.१ प्रतिशत र पुँजीगततर्फ ९५.६ प्रतिशत गरी कुल ७२.५ प्रतिशत वित्तीय प्रगति भएको छ।त्यस्तै भौतिक प्रगति हेर्दा राष्ट्रिय तथ्याङ्क कार्यालयको चालुतर्फ ८४.० प्रतिशत र पुँजीगततर्फ ९७.७ प्रतिशत गरी कुल ८६.३ प्रतिशत भौतिक प्रगति भएको छ। तथ्याङ्क समन्वय कार्यालयको चालुतर्फ ८९.२ प्रतिशत र पुँजीगततर्फ १००.० प्रतिशत गरी कुल ९०.७ प्रतिशत भौतिक प्रगति भएको छ।यसरी

राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतको समग्रमा चालुतर्फ ८६.२ प्रतिशत र पुँजीगततर्फ ९८.६ प्रतिशत गरी कुल ८८.१ प्रतिशत भौतिक प्रगति भएको छ।

आर्थिक वर्ष २०८०/८१ सम्म राष्ट्रिय तथ्याङ्क कार्यालयको कुल बेरूजु रू. ४ करोड ५ लाख ५१ हजार रहेको छ जसमध्ये पेश्कीतर्फ रू. १२ लाख ६२ हजार, नियमित गर्नुपर्ने रू. ३ करोड ८१ लाख ७७ हजार र असुलउपर गर्नुपर्ने रू. ११ लाख १२ हजार रहेको छ। तथ्याङ्क समन्वय कार्यालयको कुल बेरूजु रू. २९ लाख ९७ हजार रहेको छ जसमध्ये पेश्कीतर्फ रू. ६ लाख ७९ हजार, नियमित गर्नुपर्ने रू. १४ लाख ३५ हजार र असुलउपर गर्नुपर्ने रू. ८ लाख ८३ हजार रहेको छ। आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा लगति बेरूजु शून्य रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय तथ्याङ्क कार्यालयको कुल रू. १४ लाख ७५ हजार ९२ रकम राजश्वबाट आम्दानी भएको छ।

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

विक्रम सम्वत् १९६८ मा तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेरको पालामा सञ्चालन गरिएको जनगणनालाई नेपालको पहिलो आधिकारिक तथ्याङ्कीय गतिविधि मानिएको छ। विक्रम सम्वत् २००७ अगाडि नेपालको तथ्याङ्कीय कार्य सम्पादन गर्नका लागि औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा र जनसङ्ख्या गोश्वारा नामका दुईओटा अड्डाहरू क्रियाशील रहेका थिए। विक्रम सम्वत् २००७ मा ती दुवै अड्डालाई गाभेर सङ्ख्या विभाग स्थापना गरिएको थियो। विक्रम सम्वत् २००९ मा जनगणना ऐन जारी भएपछि उक्त विभागले पाँचौं जनगणना (२००९-२०११) सञ्चालन गरेको थियो।

पहिलो आवधिक योजना (विक्रम सम्वत् २०१३-२०१८) तर्जुमा गर्दा तथ्याङ्कको अभाव महसुस गरी तथ्याङ्कको क्षेत्र विस्तार गर्ने, केन्द्रीय तथ्याङ्क विभाग र यसका शाखा कार्यालयहरूको स्थापना गर्ने जस्ता महत्वपूर्ण विषयहरू उल्लेख गरेको पाइन्छ। फलस्वरूप जनता र मुलुकको ठोस हित हुने नीति निर्माण गर्न, सरकारी निकायहरूको प्रशासकीय निपुर्णता बढाउन र मुलुकको आर्थिक गतिविधि बारे यथार्थ ज्ञान प्राप्त गर्न, तथ्याङ्क सङ्कलन, सङ्ग्रह, प्रकाशन र विश्लेषण गर्ने उद्देश्य राखेर तथ्याङ्क ऐन, २०१५ जारी गरेको देखिन्छ। उक्त ऐनबमोजिम विक्रम सम्वत् २०१५ पुस १७ गते केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएको थियो। विक्रम सम्वत् २०१७ मा तथ्याङ्क नियम जारी गरिनु र निजामती सेवा ऐन, २०४९ मा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र तथ्याङ्क समूह गठन हुनु नेपालको तथ्याङ्कीय विकासक्रमका प्रमुख परिघटनाहरू हुन्। संस्थागत विकास क्रममा विक्रम सम्वत् २०५० मा केन्द्रीय तथ्याङ्क विभाग मातहत ३३ वटा शाखा तथ्याङ्क कार्यालयहरू स्थापना भएका थिए। मुलुकको संघीय शासन प्रणाली अनुरूपको तथ्याङ्क ऐन, २०७९ जारी भएपछि विक्रम सम्वत् २०७९ साल असोज २७ गते साविकको केन्द्रीय तथ्याङ्क विभाग हालको राष्ट्रिय तथ्याङ्क कार्यालयमा स्तरोन्नति भयो। आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा विभिन्न सरकारी कार्यालयहरूको पुनर्संरचना गर्ने उल्लेख गरिएअनुसार साबिकमा रहेका ३३ वटा तथ्याङ्क कार्यालयहरूलाई विक्रम सम्वत् २०८१ साउन १ गतेबाट लागु हुने गरी १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरूमा रूपान्तरण गरियो। ऐनले निर्दिष्ट गरेअनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको नेतृत्व नेपाल सरकारको विशिष्ट श्रेणी (सचिवस्तर) का प्रमुख तथ्याङ्क अधिकारीबाट भएको छ।

## १.२ नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली

आधिकारिक तथ्याङ्कसँग सम्बन्धित कानुनी प्रावधान, पूर्वाधार तथा संस्थागत व्यवस्थाको समष्टिगत स्वरूपलाई राष्ट्रिय तथ्याङ्क प्रणाली भनेर बुझिन्छ। यसले आधिकारिक तथ्याङ्कको उत्पादन, वितरण, प्रयोग, भण्डारण जस्ता क्रियाकलाप सञ्चालन गर्न संगठित भएका तथ्याङ्कीय संगठन तथा एकाइहरूको समूहलाई प्रतिविम्बित गर्दछ। तथ्याङ्क ऐन, २०७९ को दफा ३ ले राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्ने विषय उल्लेख गरेको छ। जसअनुसार तथ्याङ्क ऐन तथा प्रचलित कानुनबमोजिम कार्यालय, सरकारी निकाय तथा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्कको एकीकृत प्रणालीको रूपमा राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना गर्ने विषय उल्लेख गरिएको छ। साथै, तथ्याङ्क नियमावली, २०८० को नियम ३ मा राष्ट्रिय तथ्याङ्क प्रणालीमा आवद्ध हुन पूरा गर्नुपर्ने आधारहरू उल्लेख गरिएको छ। एक सबल र भरपर्दो राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गरी गुणस्तरीय तथ्याङ्कको समयमै आपूर्ति गर्न आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्मका लागि "उन्नत तथ्याङ्क उन्नत जीवन"[1] को नारासहित "तथ्याङ्क प्रणालीको विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो" कार्यान्वयनमा छ।

## १.३ राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क ऐन, २०७९ बमोजिम विक्रम सम्वत् २०७९ आश्विन २७ गते तथ्याङ्कसम्बन्धी काम गर्न केन्द्रीय निकायका रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना भएको छ। यस कार्यालयको उद्देश्य, सांगठनिक स्वरूप, काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्।

### १.३.१ उद्देश्य

- योजना तथा नीति तर्जुमाका लागि सरकारलाई समयमै गुणस्तरीय तथ्याङ्क उपलब्ध गराउने र देशको सामाजिक-आर्थिक अवस्थाको जानकारी दिने,
- आर्थिक सामाजिक क्षेत्रको तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, प्रसार र संरक्षण गर्ने,
- तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र संरक्षणमा संलग्न विभिन्न निकायहरूसँग समन्वय गर्ने,
- तथ्याङ्कीय गतिविधिहरूमा अग्रणी भूमिका निर्वाह गर्दै तथ्याङ्कीय प्रणालीको विकास गर्ने, र
- तथ्याङ्कीय जनशक्तिको क्षमता विकास गर्ने।

[1] UNSC

### १.३.२ सांगठनिक स्वरूप

राष्ट्रिय तथ्याङ्क कार्यालयमा आर्थिक तथ्याङ्क महाशाखा, सामाजिक तथ्याङ्क महाशाखा, राष्ट्रिय लेखा तथ्याङ्क महाशाखा र योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा गरी चारवटा महाशाखाहरू रहेका छन्। महाशाखाको नेतृत्व नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका उप-प्रमुख तथ्याङ्क अधिकारीले गर्ने व्यवस्था रहेको छ। आर्थिक तथ्याङ्क महाशाखाअन्तर्गत चारवटा शाखा, सामाजिक तथ्याङ्क महाशाखाअन्तर्गत पाँचवटा शाखा, राष्ट्रिय लेखा तथ्याङ्क महाशाखाअन्तर्गत चारवटा शाखा र योजना तथा जनशक्ति व्यवस्थापन महाशाखाअन्तर्गत सातवटा शाखा गरी कुल २० वटा शाखा रहेका छन् (चित्र १.१)। मुलुकको ७७ वटै जिल्ला समेट्न तीनदेखि छ जिल्ला कार्यक्षेत्र रहने गरी १८ वटा तथ्याङ्क समन्वय कार्यालय स्थापना भएका छन् (चित्र १.२)।

**चित्र १.१ राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना**



चित्र १.२ तथ्याङ्क समन्वय कार्यालय र कार्यक्षेत्र



राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतका १८ तथ्याङ्क समन्वय कार्यालयहरूको लागि स्वीकृत संगठन संरचनाअनुसार सेवा र समूहका विभिन्न श्रेणीका पदहरू गरी कुल ४१४ दरबन्दी कायम रहेको छ। सोमध्ये राष्ट्रिय तथ्याङ्क कार्यालयमा १२९ र तथ्याङ्क समन्वय कार्यालयमा २८५ दरबन्दी रहेको छ (अनुसूची १ र २)।

### १.३.३ काम, कर्तव्य र अधिकार

तथ्याङ्क ऐन, २०७९ को दफा २४ मा राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकारलाई देहायानुसार उल्लेख गरिएको छ।

(क) तथ्याङ्कसम्बन्धी नीति, योजना तथा रणनीतिको मस्यौदा तयार गरी परिषद्समक्ष पेश गर्ने,

(ख) राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन, प्रवर्धन तथा सोको लागि अन्तरनिकाय समन्वय गर्ने,

(ग) कार्यालयले सङ्कलन गर्नुपर्ने तथ्याङ्कका लागि गणना, सर्वेक्षण लगायतका अन्य क्षेत्रगत तथ्याङ्कसम्बन्धी कार्य सञ्चालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(घ) योजना तर्जुमा तथा नीति निर्धारणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

(ङ) तथ्याङ्कको स्तर निर्धारण तथा प्रमाणीकरणसम्बन्धी कार्य गर्ने,

(च) तथ्याङ्कसम्बन्धी अभिलेखको सुरक्षा गर्ने,

(छ) तथ्याङ्कसम्बन्धी विवरण प्रकाशन तथा वितरणको व्यवस्था गर्ने,

(ज) केन्द्रीय तथ्याङ्क (डाटा) बैङ्कको रूपमा कार्य गर्ने,

(झ) प्रदेश र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क प्राप्त गरी राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गर्ने,

(ञ) प्रदेश र स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा सहयोग गर्ने,

(ट) प्रचलित कानुनबमोजिम तथ्याङ्क सङ्कलनसम्बन्धी काम गर्ने निकायको तथ्याङ्कसम्बन्धी क्षमता अभिवृद्धिमा सहयोग गर्ने,

(ठ) यस ऐनबमोजिम हुने तथ्याङ्क सङ्कलनसँग सम्बन्धित विषयको परीक्षण, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(ड) तथ्याङ्कसम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रशिक्षणसम्बन्धी काम गर्ने, र

(ढ) नेपाल सरकार वा आयोगले माग गरेको तथ्याङ्कसम्बन्धी विवरण वा सूचना उपलब्ध गराउने।

## १.४ राष्ट्रिय तथ्याङ्क परिषद्

राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन र अनुसन्धानसम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने प्रयोजनका लागि तथ्याङ्क ऐन, २०७९ को दफा १९ बमोजिम राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा २६ सदस्यीय राष्ट्रिय तथ्याङ्क परिषद् गठन भएको छ। ऐनको दफा २० मा परिषद्को बैठक वर्षको कम्तीमा दुईपटक बस्ने र राष्ट्रिय तथ्याङ्क कार्यालयले परिषद्को सचिवालयको रूपमा कार्य गर्ने व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय तथ्याङ्क परिषद्को तेश्रो बैठक मिति २०८१ पौष १४ र चौथो बैठक २०८२ असार १८ गते सम्पन्न भएको छ। उक्त बैठकका निर्णयहरू अनुसूची ३ र अनुसूची ४ मा संलग्न गरिएको छ।

## १.५ कार्यालयको कार्यसम्पादनका नीतिगत तथा कानुनी आधार

राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्यसम्पादन गर्नका लागि नेपालको संविधान, तथ्याङ्क ऐन तथा नियमावली, तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, सोह्रौं योजना, नीति तथा कार्यक्रम र बजेट वक्तव्य प्रमुख नीतिगत व्यवस्था हुन्। राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्यसम्पादन गर्नका लागि विद्यमान रहेका प्रमुख नीतिगत तथा कानुनी आधार देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### १.५.१ नेपालको संविधान

विक्रम सम्वत् २०७२ मा जारी गरिएको नेपालको संविधानले तथ्याङ्कसँग सम्बन्धित विषयलाई महत्वका साथ उल्लेख गरेको पाइन्छ। यसले नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीलाई स्पष्ट रूपमा विकेन्द्रित तथ्याङ्क प्रणालीको रूपमा स्थापित गरेको छ र संघको अधिकार क्षेत्रअन्तर्गत तथ्याङ्कको मानक र गुणस्तर कायम गर्ने विषय समावेश गरेको छ। यही क्षेत्राधिकारभित्र रही राष्ट्रिय तथ्याङ्क कार्यालयले आफ्ना तथ्याङ्कीय गतिविधिहरू सञ्चालन गर्ने नीतिगत आधार प्राप्त गरेको छ (तालिका १)।

**तालिका १ः संविधानमा उल्लेख भएका तथ्याङ्कसम्बन्धी विषय**

| क्र.सं. | धारा | विषय | तथ्याङ्कसम्बन्धी उल्लेखित विषय |
|---|---|---|---|
| १ | धारा २८ | गोपनीयताको हक | तथ्याङ्कको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने। |
| २ | धारा ५१ | राज्यका नीतिहरूको खण्ड (च) विकाससम्बन्धी नीतिको बुँदा नं. ८ र खण्ड (ज) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिको बुँदा नं. ४ | जनसाङ्ख्यिक तथ्याङ्कलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने।<br>बालबच्चाको पालनपोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने। |
| ३ | धारा ८४ | प्रतिनिधि सभाको गठन उपधारा (१) को खण्ड (क) र उपधारा (२) | जनसङ्ख्यालाई निर्वाचन क्षेत्र निर्धारणको आधार मानिएको। |
| ४ | धारा १७६ | प्रदेश सभाको गठन उपधारा (२) र (६) | समानुपातिक निर्वाचन प्रणालीबमोजिम उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा प्रतिनिधित्व हुने। |
| ५ | धारा २५९ | राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार (१ (छ)) | राष्ट्रिय जनगणना तथा मानव विकास सूचकाङ्कलाई आधार बनाउनुपर्ने। |
| ६ | धारा २८१ | विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन | राष्ट्रिय जनगणना तथा मानव विकास सूचकाङ्कलाई आधार बनाउनुपर्ने। |
| ७ | धारा २८६ | निर्वाचन क्षेत्र निर्धारण आयोगको उपधारा (५) र (६) | निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसङ्ख्यालाई मुख्य आधार मान्ने। |
| ८ | अनुसूची ५ | संघको अधिकार सूची (बुँदा १३) | केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) |
| ९ | अनुसूची ६ | प्रदेशको अधिकार सूची (बुँदा ६) | प्रदेश तथ्याङ्क |

| क्र.सं. | धारा | विषय | तथ्याङ्कसम्बन्धी उल्लेखित विषय |
|---|---|---|---|
| १० | अनुसूची ८ | स्थानीय तहको अधिकार सूची (बुँदा ६, १३, १७) | स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीय अभिलेख व्यवस्थापन, बेरोजगारको तथ्याङ्क सङ्कलन। |
| ११ | अनुसूची ९ | संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची (बुँदा ११ | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क। |

नोटः संविधानको अनुसूची ५, ६, ८ र ९ मा उल्लेख भएका अधिकार सूचीलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ माघ १८ को निर्णयबमोजिम विस्तृतीकरण गरी कार्यान्वयनमा आएको छ ।

### १.५.२ तथ्याङ्क ऐन, २०७९ र तथ्याङ्क नियमावली, २०८०

राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सञ्चालन गर्ने मुख्य कानुनी आधार तथ्याङ्क ऐन, २०७९ हो। यस ऐनमा भएका प्रमुख प्रावधान देहायबमोजिम रहेका छन्।

- विकेन्द्रित राष्ट्रिय तथ्याङ्क प्रणाली अवलम्बन गरिएको,
- राष्ट्रिय तथ्याङ्क परिषद्को व्यवस्था गरिएको,
- तथ्याङ्कसम्बन्धी काम गर्न केन्द्रीय निकायको रूपमा राष्ट्रिय तथ्याङ्क कार्यालय रहने व्यवस्था रहेको,
- कार्यालयको नेतृत्व नेपाल सरकार विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारीबाट हुने व्यवस्था गरिएको,
- कम्प्युटर डाटाबेस, गणना, तथ्याङ्क, विद्युतीय अभिलेख, राष्ट्रिय तथ्याङ्क प्रणाली, सर्वेक्षणको विषय समावेश गरिएको,
- अन्य निकायले तथ्याङ्कीय क्रियाकलाप सञ्चालन गर्ने विधि तोकिएको,
- अन्य सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क सङ्कलन गर्नसक्ने र सो तथ्याङ्क राष्ट्रिय तथ्याङ्क प्रणालीको अभिन्न अङ्ग हुने,
- तथ्याङ्क सङ्कलक, उत्पादक तथा तथ्याङ्क प्रयोगकर्ताको दायित्व उल्लेख गरिएको,
- विद्युतीय अभिलेख, तथ्याङ्कको प्रयोग तथा पहुँचसम्बन्धी व्यवस्था गरिएको,
- तथ्याङ्क सङ्कलन गर्ने अनुमतिसम्बन्धी व्यवस्था रहेको,
- तथ्याङ्कसम्बन्धी राष्ट्रिय मानक र गुणस्तरका आधार तोकिएको,

- तथ्याङ्क परीक्षण गर्ने अधिकारको प्रावधान रहेको,
- केन्द्रीय डाटा बैङ्कको व्यवस्था गरिएको, र
- तथ्याङ्कसम्बन्धी कार्यको वार्षिक कार्य विवरण सहितको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको।

तथ्याङ्क ऐनका प्रावधान सहज ढंगले कार्यान्वयन गर्नका लागि तथ्याङ्क नियमावली, २०८० नेपाल सरकारबाट पारित भई कार्यान्वयनमा आइसकेको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सम्पादन गर्ने कार्यहरू नेपालका कानुन, नीति, योजना, निर्देशिका, कार्यविधिका अतिरिक्त अन्तर्राष्ट्रिय प्रचलित विधि तथा सिद्धान्तले समेत निर्देशित गर्दछ। यस्ता सिद्धान्तमा संयुक्त राष्ट्रसंघीय तथ्याङ्क आयोगले अनुमोदन गरेका आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्त, PARIS 21 को सुझाव, तथ्याङ्कमा प्राविधिक सहयोगसम्बन्धी असल अभ्यासहरूको घोषणा, अन्तर्राष्ट्रिय तथ्याङ्क सञ्चालन गर्ने सिद्धान्त, तथ्याङ्कको लागि माराकेस कार्ययोजना आदि पर्दछन्।

### १.५.३ तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो (आर्थिक वर्ष २०८१/८२ - २०८५/८६)

नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, प्रथम (आर्थिक वर्ष २०७५/७६-२०७९/८०) को अवधि समाप्त भइसकेको छ। उक्त रणनीतिको समीक्षाको आधारमा तथ्यमा आधारित नीति निर्माण, अनुगमन एवम् मूल्याङ्कनको लागि आवश्यक तथ्याङ्क आपूर्ति गर्न र तथ्याङ्क क्षेत्रमा आएका नवीन अभ्यासहरूको प्रयोग गर्दै एक सबल र भरपर्दो राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्न आगामी वर्षमा चाल्नुपर्ने कदमहरूको पहिचानसहित तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६) मिति २०८२ असार ९ गते नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ। यस रणनीतिका दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकताका क्रियाकलाप देहायबमोजिम रहेका छन्।

**दूरदृष्टि** (Vision): एकीकृत, समन्वयात्मक र सबल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास।

**लक्ष्य** (Mission): सुशासन, सामाजिक न्याय र समृद्धिसम्बन्धी नीति तथा निर्णय प्रक्रियाका लागि सङ्घीय शासन प्रणालीसापेक्ष गुणस्तरीय तथ्याङ्क उत्पादन, आपूर्ति र उपयोग पद्धति विकास गर्ने।

**रणनीतिक उद्देश्यहरू** (Strategic Objectives)

१. सङ्घीय, प्रादेशिक तथा स्थानीय तथ्याङ्क प्रणाली सुदृढीकरणका लागि आवश्यक पूर्वाधार तयार गर्ने,
२. तथ्याङ्कीय कार्यमा संलग्न निकायहरूबिच प्रभावकारी समन्वय प्रणाली विकास गर्ने,
३. तथ्यमा आधारित नीति निर्माण तथा निर्णय प्रक्रियाका लागि आवश्यक गुणस्तरीय तथ्याङ्कको नियमित आपूर्ति गर्ने।

**प्राथमिकताका क्रियाकलाप**

१. कार्यान्वयनका लागि स्पष्ट निर्देशिका तथा कार्यविधि
२. राष्ट्रिय तथ्याङ्क परिषद्को सशक्तिकरण
३. संस्थागत स्मृति र ज्ञानको हस्तान्तरण
४. वैकल्पिक स्रोतहरूबाट गुणस्तरीय तथ्याङ्क उत्पादन
५. वास्तविक समय तथ्याङ्कको उत्पादन
६. प्रयोगकर्तामैत्री प्रकाशन र खुला तथ्याङ्क प्रणाली
७. अनुसन्धान तथा तालिमको लागि संस्थागत व्यवस्था
८. प्रदेश तथा स्थानीय तहको क्षमता विकास
९. अन्तर्राष्ट्रिय समन्वय र स्रोत परिचालन

### १.५.४ सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२ - २०८५/८६)

वि.सं. २०१३ मा पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) तर्जुमा गर्दादेखि नै तथ्याङ्कको महत्व र आवश्यकतालाई प्रमुखताका साथ उल्लेख गरिँदै आएको पाइन्छ। सोह्रौं योजनाको रूपान्तरणकारी रणनीति अन्तर्गत तथ्याङ्कसम्बन्धी निम्न विषय उल्लेख गरिएको छ।

- एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणाली विकास तथा व्यवस्थापन गर्ने,
- सरकारी निकायहरूबिच समन्वय र सहकार्यको लागि राष्ट्रिय तथ्याङ्क परिषद्को भूमिका सुदृढ एवं प्रभावकारी बनाउने, र
- गणना तथा सर्वेक्षण सञ्चालन र तथ्याङ्क सङ्कलनका वैकल्पिक स्रोत तथा विधिहरू उपयोग गरी तथ्याङ्क उत्पादन तथा आपूर्तिमा सुधार गर्ने।

### १.५.५ आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं. ३१ मा तथ्याङ्कसम्बन्धी देहायका विषयहरू समावेश गरिएका छन्।

- राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन गर्ने,
- तीनै तहबाट उत्पादित तथ्याङ्क तथा सूचना राष्ट्रिय तथ्यगत विवरण प्रणालीमा समावेश गरी आवश्यक तथ्याङ्क सहजै उपलब्ध हुने व्यवस्था गर्ने, र
- सार्वजनिक निकायका विद्युतीय प्रशासनिक अभिलेख प्रणालीहरूबिच अन्तरआबद्धता कायम गर्ने।

### १.५.६ आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य

आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यको बुँदा नं. २६९ मा तथ्याङ्कसम्बन्धी देहायका विषयहरू समावेश गरिएका छन्।

- राष्ट्रिय लेखा तथ्याङ्कको आधार वर्ष परिवर्तन गर्न गणना तथा सर्वेक्षण कार्यक्रम सञ्चालन गर्ने,
- राष्ट्रिय तथ्यगत विवरणलाई अद्यावधिक गरी एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास गर्ने, र
- दोस्रो आर्थिक गणना, २०८२ को पूर्वतयारी कार्य सम्पन्न गर्ने।

# परिच्छेद २ : आर्थिक वर्ष २०८१/८२ का प्रमुख कार्यक्रम र उपलब्धि

## २.१ आर्थिक वर्ष २०८१/८२ का प्रमुख कार्यक्रमहरू

आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतका तथ्याङ्क समन्वय कार्यालयमा व्यावसायिक कुखुरापालन सर्वेक्षण, निजी शिक्षण संस्था सर्वेक्षण, केही अस्थायी बालीको उत्पादन लागत सर्वेक्षण, राष्ट्रिय आर्थिक गणना, आन्तरिक पर्यटन सर्वेक्षण, नाफा नकमाई घरपरिवारलाई सेवा पुर्‍याउने संस्थाहरू (NPISHs) को सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण, नेपाल बहुसूचक सर्वेक्षण, बालश्रमसम्बन्धी सर्वेक्षण, आलु खेती सर्वेक्षण, राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन लगायतका कार्यक्रमका लागि बजेट विनियोजन भएको थियो। विनियोजित बजेटबाट सम्पादित भएका प्रमुख कार्यक्रम देहायबमोजिम रहेका छन्।

### २.१.१ राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सम्पादित प्रमुख कार्यक्रम

१. व्यावसायिक कुखुरापालन सर्वेक्षण २०८१/८२ सञ्चालन,
२. राष्ट्रिय होटल तथा रेष्टुरेण्ट सर्वेक्षण, २०८० को नतिजा प्रकाशन,
३. निजी शिक्षण संस्था सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन,
४. केही अस्थायी बालीको उत्पादन लागतको तथ्याङ्क सङ्कलन,
५. वन तथा मत्स्य तथ्याङ्क अद्यावधिक,
६. राष्ट्रिय आर्थिक गणना सञ्चालनको लागि आवश्यक पूर्वतयारी (प्रश्नावली तथा गणना पुस्तिकाको मस्यौदा, आर्थिक र प्रशासनिक मापदण्ड तयार),
७. नेपाल तथ्याङ्कीय व्यावसायिक रजिस्टर (Statistical Business Register) निर्माणका लागि तथ्याङ्क अद्यावधिक (आर्थिक वर्ष २०७९/८० मा ४२ जिल्ला र २०८०/८१ मा ४६ जिल्लाको सूची अद्यावधिक),
८. नेपाल श्रमशक्ति सर्वेक्षण सञ्चालनको लागि आवश्यक पूर्वतयारी (प्रश्नावली तथा गणना पुस्तिकाको मस्यौदा तयारी, प्रारम्भिक स्याम्पल डिजाइन तयार, इन्ट्री एप्लिकेसनको मस्यौदा तयार),
९. नेपाल जीवनस्तर सर्वेक्षण, चौथोबाट गरिबी तथ्याङ्कको लघुक्षेत्र अनुमान (Small Area Estimation) तयारी,
१०. राष्ट्रिय जनगणना २०७८ को १६ वटा थप प्रतिवेदन प्रकाशन,

११. राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कमा आधारित ब्रोसर, मासिक बुलेटिन तथा लिफलेट प्रकाशन,
१२. सन् २०२१ देखि २०५१ सम्मको जनसङ्ख्या प्रक्षेपण,
१३. राष्ट्रिय अपाङ्गता सर्वेक्षणको पूर्वतयारी (प्रश्नावली तथा गणना पुस्तिका मस्यौदा),
१४. नेपाल बहुसूचक सर्वेक्षण, २०८१ को स्थलगत तथ्याङ्क सङ्कलन,
१५. विभिन्न १०० वटा स्थानीय तहका गणना क्षेत्र नक्साङ्कन (Enumeration Area Map) को अद्यावधिक,
१६. त्रैमासिक, वार्षिक र प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्क प्रकाशन,
१७. Sequence of Accounts अन्तर्गत उत्पादन लेखा (Production Accounts) तयार,
१८. राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तनको लागि लेखा परीक्षण, फलफूल, स्वास्थ्य डायग्नोष्टिक र नर्सरी अध्ययन सञ्चालन,
१९. त्रैमासिक अवधिको औद्योगिक उत्पादक मूल्य, निर्माण क्षेत्रको लागत मूल्य, कृषि उत्पादक मूल्य र औद्योगिक उत्पादन सूचकाङ्क प्रकाशन,
२०. अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (ICP) अन्तर्गत उपभोग्य वस्तु/सेवाको मूल्य सर्वेक्षण, मेसिनरी उपकरणको सर्वेक्षण, निर्माण सामग्रीहरूको मूल्य सर्वेक्षण तथा आवासीय घर/अपार्टमेन्ट भाडा सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन,
२१. आन्तरिक पर्यटन सर्वेक्षणको तथ्याङ्क सङ्कलन,
२२. नाफा नकमाई घरपरिवारलाई सेवा पुर्याउने संस्थाहरू (NPISHs) को सर्वेक्षण सञ्चालन तथा नतिजा प्रकाशन,
२३. राष्ट्रिय तथ्याङ्क परिषद्को तेस्रो र चौथो बैठक सञ्चालन तथा निर्णय कार्यान्वयन,
२४. आर्थिक वर्ष २०८०/८१ को वार्षिक समीक्षा तथा प्रगति प्रतिवेदन प्रकाशन,
२५. आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रमको अभिमुखीकरण तथा त्रैमासिक र अर्धवार्षिक समीक्षा,
२६. आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा र माइलस्टोन तयारी,
२७. तथ्याङ्क समन्वय कार्यालयको तथ्याङ्कीय क्रियाकलापहरूको अनुगमन तथा कार्यालयको निरीक्षण,
२८. तथ्याङ्कीय क्षमता अभिवृद्धि सम्बन्धी तालिम (अफिसियल स्टाटिस्टिक्स, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथ्याङ्कीय क्षेत्रमा भएका नयाँ अवधारणा अभ्यास, Report Writing, R, Stata, GIS, CSPro,

Sample Design, Quality of Data Assurance र Data Processing, Cleaning and Analysis) सञ्चालन,

२९. Statistical Pocket Book 2024, Nepal in Figure 2025, नेपालको तथ्याङ्कीय झलक २०८२, त्रैमासिक तथ्याङ्क गतिविधि, तथ्याङ्क डायरी, कार्यालयको ब्रोसर प्रकाशन,

३०. Micro Data Catalogue मा गणना/सर्वेक्षण अद्यावधिक (अनुसूची ५)

३१. सर्वेक्षण अनुमति प्रणालीसम्बन्धी निर्देशिका तयारी तथा अभिमुखीकरण,

३२. सर्वेक्षण अनुमति प्रदान (सरकारी २, गैरसरकारी २ र UN Agency २),

३३. पुँजी निर्माणसम्बन्धी अध्ययन सञ्चालन,

३४. राष्ट्रिय तथ्यगत विवरण (NDP) को अद्यावधिक तथा समीक्षा,

३५. नेपालस्तरीय पेसा वर्गीकरणको तयारी,

३६. प्रशासनिक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन, र

३७. कार्यालयको वेबसाइट, कार्यालयको फेसबुक पेज, जनगणना वेवसाइट, कृषि गणना वेवसाइट, कार्यालयको ट्विटर, Microdata Catalogue, NSO Data Portal मार्फत विद्युतीय सूचना व्यवस्थापन सम्बन्धी कार्य गरिएको।

आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित प्रकाशन सूची अनुसूची ६ मा उल्लेख गरिएको छ।

### २.१.२ तथ्याङ्क समन्वय कार्यालयहरूबाट सम्पादित प्रमुख कार्यक्रम

१. व्यावसायिक कुखुरापालन सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,

२. निजी शिक्षण संस्था सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,

३. मत्स्य तथा वनको सूचीकरणसम्बन्धी तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,

४. सात अस्थायी बालीको उत्पादन लागत सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,

५. आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा २७ वटा प्रदेश/जिल्ला तहमा सरोकारवालासँग अन्तरक्रिया/गोष्ठी सञ्चालन,

६. ३४ वटा जिल्लामा आर्थिक गणनाको प्रश्नावली परीक्षण,

७. नेपाल तथ्याङ्कीय व्यावसायिक रजिष्टर निर्माणको तथ्याङ्क अद्यावधिक कार्यका लागि तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,

८. राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तनसम्बन्धी चार वटा अध्ययनको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,

९. राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तनका लागि गणना तथा सर्वेक्षणहरूसँग सम्बन्धित सरोकारवालाहरूसँग २६ जिल्लामा अन्तरक्रिया,

१०. त्रैमासिक तथा वार्षिक राष्ट्रिय लेखासम्बन्धी स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,

११. त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,

१२. अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (ICP) सम्बन्धी मूल्य तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,

१३. अगुवा कृषकबाट कृषिजन्य उत्पादकको मूल्य तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,

१४. निर्माण क्षेत्रको लागत मूल्य सर्वेक्षणसम्बन्धी तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,

१५. आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,

१६. नाफा नकमाई घरपरिवारलाई सेवा पुऱ्याउने संस्थाहरू (NPISHs) को स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,

१७. वार्षिक प्रगति प्रतिवेदन, २०८१ प्रकाशन,

१८. ५६ वटा स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन,

१९. थप ८१ वटा स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को अनुशिक्षण तथा पोर्टलमा डाटा इन्ट्री,

२०. ४५ वटा स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयनसम्बन्धी समीक्षा,

२१. विभिन्न सूचक सहितको ६ वटा प्रदेशको वस्तुगत विवरण, २२ वटा स्थानीय तहको प्रोफाइल र १२ वटा जिल्लाको ब्रोसर प्रकाशन,

२२. काभ्रेपलाञ्चोक जिल्लामा आलु खेती सर्वेक्षण, २०८१ सञ्चालन गरी नतिजा प्रकाशन,

२३. खोटाङ जिल्लाको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकामा बालश्रम सर्वेक्षण, २०८१ सञ्चालन गरी नतिजा प्रकाशन, र

२४. गण्डकी प्रदेशमा पर्यटकीय गतिविधि, २०८१ को तथ्याङ्क सङ्कलन तथा प्रतिवेदन प्रकाशन।

आर्थिक वर्ष २०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालयबाट प्रकाशित प्रकाशन सूची अनुसूची ७ मा उल्लेख गरिएको छ।

## २.२ आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन भई २०८१/८२ मा नतिजा सार्वजनिक गरिएका सर्वेक्षण सम्बन्धी विवरण

राष्ट्रिय होटल तथा रेष्टुरेण्ट सर्वेक्षण, २०८० आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन भई यस आर्थिक वर्षमा नतिजा प्रकाशन भएको हो। उक्त सर्वेक्षणको संक्षिप्त विवरण यहाँ प्रस्तुत गरिएको छ।

### २.२.१ राष्ट्रिय होटल तथा रेष्टुरेण्ट सर्वेक्षण, २०८०

**उद्देश्यः**

- सन्दर्भ वर्ष (आ.व.२०७९/८०) मा देशभर सञ्चालनमा रहेका आवास तथा भोजनसम्बन्धी आर्थिक क्रियाकलाप गर्ने प्रतिष्ठानहरूको तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, व्यवस्थापन, प्रकाशन तथा वितरण गर्ने र अर्थतन्त्रमा यस क्षेत्रले पुऱ्याएको योगदानको मापन गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउने,
- नीति निर्माता, योजनाविद्, अनुसन्धानकर्ता तथा अन्य प्रयोगकर्ताहरूलाई यस क्षेत्रसँग सम्बन्धित तथ्याङ्क उपलब्ध गराउने।

**सूचीकरण कार्यः**

- प्रतिष्ठानहरूको सूची विक्रम सम्वत् २०७५ मा सम्पन्न राष्ट्रिय आर्थिक गणनाबाट लिइएको।
- तारे होटल तथा रिसोर्ट सञ्चालनका लागि अनुमति पाएका प्रतिष्ठानहरूको सूची पर्यटन विभागबाट लिइएको।

**मूख्य स्थलगत तथ्याङ्क सङ्कलन कार्यः** आर्थिक वर्ष २०८०/८१

**नतिजा प्रकाशनः** २०८१ पुस १७ गते

**प्रमुख नतिजाः**

- ✓ आवास तथा भोजन सेवा प्रदान गर्ने जम्मा प्रतिष्ठानः १,४२,२२३
- ✓ संलग्न व्यक्तिहरूको सङ्ख्याः ३,८७,७४७
- ✓ रोजगार व्यक्तिहरूको सङ्ख्याः १,०६,४५९
- ✓ तलब, ज्याला र सुविधा वापतको जम्मा खर्चः रू. २० अर्ब ६१ करोड ५० लाख
- ✓ सञ्चालन खर्चः रू. २ खर्व १६ अर्ब ७३ करोड ८३ लाख
- ✓ सेवा उत्पादन वापतको आम्दानीः रू. ३ खर्व २६ अर्ब १ करोड ४ लाख
- ✓ कुल मूल्य अभिवृद्धिः रू. १ खर्व ९ अर्ब २७ करोड १ लाख

## २.३ आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन भई नतिजा प्रकाशन भएका सर्वेक्षणसम्बन्धी विवरण

आर्थिक वर्ष २०८१/८२ मा सर्वेक्षण सञ्चालन भई नतिजा समेत प्रकाशन भएका जम्मा तीन वटा सर्वेक्षण छन् – नाफा नकमाई घरपरिवारलाई सहयोग गर्ने संस्थाहरू (NPISHs) को सर्वेक्षण, २०८१, बालश्रम सर्वेक्षण, २०८२ (दित्केल रूपाकोट मझुवागढी नगरपालिका) र आलुखेती सर्वेक्षण, २०८१ (काभ्रेपलाञ्चोक) जसको संक्षिप्त विवरण यहाँ प्रस्तुत गरिएको छ।

### २.३.१ नाफा नकमाई घरपरिवारलाई सहयोग गर्ने संस्थाहरू (NPISHs) को सर्वेक्षण, २०८१

**उद्देश्यः** राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तनका लागि तथ्याङ्क उपलव्ध गराउने।

**सूचीकरण कार्यः** राष्ट्रिय आर्थिक गणना, २०७५ को सूची प्रयोग गरिएको।

**मुख्य स्थलगत तथ्याङ्क सङ्कलन कार्यः** २०८१ माघ देखि २०८२ वैशाख

**नतिजा प्रकाशनः** २०८२ असार

**प्रमुख नतिजाः**

- **व्यक्तिहरूको संलग्नता सङ्ख्या**
  - ✓ बेतलबी (Unpaid): पुरूष १,१५,१९९, महिला ९१,६९७, जम्मा २,०६,८९५
  - ✓ तलबी (Paid): पुरूष २९,५९१, महिला २५,०७९, जम्मा ५४,६७१
  - ✓ संस्थागत करार (Institutional hired): ४३५
- **रोजगारीमा संलग्नमध्ये अपाङ्गता भएका व्यक्तिहरू**
  - ✓ पुरूष २,२२२, महिला १,६२९, जम्मा ३,८५१
- **कर्मचारीहरूको तलब ज्याला (प्रतिवर्ष)**
  - ✓ जम्माः रू. १२ अर्ब ३९ करोड २७ लाख ७८ हजार
  - ✓ प्रति कर्मचारीः रू. २ लाख २७ हजार
  - ✓ प्रति संस्थाः  रू. ९ लाख ८ हजार
- **सञ्चालन खर्च (प्रतिवर्ष)**
  - ✓ रू. ४५ अर्ब ५२ करोड ८४ लाख ६० हजार
- **आय (प्रतिवर्ष)**
  - ✓ रू. ८६ अर्ब ५८ करोड ५१ लाख ३९ हजार

### २.३.२ बालश्रम सर्वेक्षण, २०८२ (दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका)

**उद्देश्यः**

✓ तथ्याङ्क समन्वय कार्यालय, खोटाङबाट सञ्चालित यस सर्वेक्षणको उद्देश्य दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकामा ५ देखि १७ वर्षसम्मका बालबालिकाहरूको बालश्रमको अवस्था पत्ता लगाउनु हो।

**सूचीकरण कार्यः** मुख्य तथ्याङ्क सङ्कलन कार्य सँगसँगै

**मुख्य स्थलगत तथ्याङ्क सङ्कलन कार्यः** २०८२/०२/१५ देखि २०८२/३/२४

**नतिजा प्रकाशनः** २०८२/०३/३१

**प्रमुख नतिजाः**

- ✓ बालश्रममा रहेको बालबालिकाहरूः २२.० प्रतिशत (४८.६ प्रतिशत बालक, ५१.४ प्रतिशत बालिका)
    - ○ आर्थिक काममाः ४७.९ प्रतिशत बालक, ५२.१ प्रतिशत बालिका
    - ○ घरायसी उपभोगका वस्तु उत्पादनमाः ४७.६ प्रतिशत बालक, ५२.४ प्रतिशत बालिका
- ✓ बालश्रम भएका घरपरिवारको आम्दानीको मुख्य स्रोत
    - ○ कृषिः ८५.१ प्रतिशत
    - ○ तलब वा ज्यालाः ४.९ प्रतिशत
    - ○ स्वरोजगार/साना व्यवसायः २.७ प्रतिशत
    - ○ वैदेशिक रोजगारी/विप्रेषणः ७.३ प्रतिशत

### २.३.३ आलु खेती सर्वेक्षण (काभ्रेपलाञ्चोक जिल्ला)

**उद्देश्यः** काभ्रेपलाञ्चोक जिल्लाको आलुखेती गरिएको क्षेत्रफल, उत्पादन, संलग्न जनशक्ति, आदिको विश्लेषण गरी आलु खेतीको प्रवर्धन, योजना र कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने।

**सूचीकरण कार्यः** २०८१ कार्तिक ४ गते देखि पुस २५ गतेसम्म

**मुख्य स्थलगत तथ्याङ्क सङ्कलन कार्यः** २०८१ माघ १ गते देखि चैत्र २५ गतेसम्म

**नतिजा प्रकाशनः** २०८२ असार ३१

**प्रमुख नतिजाः**

- ✓ कृषक परिवारः ५,४५०
- ✓ खेती गरेको क्षेत्रफलः ३४,५०१ रोपनी
- ✓ उत्पादनः २,८०,२३५ क्विन्टल

- ✓ कुल खर्चः रू. ५५ करोड १९ लाख
- ✓ कुल आम्दानीः रू. १ अर्ब ७३ लाख
- ✓ कुल नाफाः ४५ करोड ५४ लाख

## २.४ आर्थिक वर्ष २०८१/८२ मा सर्वेक्षण सञ्चालन भई आर्थिक वर्ष २०८२/८३ मा नतिजा प्रकाशन हुने सर्वेक्षण सम्बन्धी विवरण

| क्र.सं. | सर्वेक्षणको नाम | सूचीकरण | मुख्य तथ्याङ्क सङ्कलन कार्य | नतिजा प्रकाशन |
|---|---|---|---|---|
| २.४.१ | व्यावसायिक कुखुरापालन सर्वेक्षण, २०८१/८२ | २०८१ असोजदेखि मंसिर सम्म | २०८१ माघदेखि २०८२ जेठसम्म | २०८२ भदौ |
| २.४.२ | निजी शिक्षण संस्था सर्वेक्षण, २०८१ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद् र विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त शिक्षण संस्थाहरूको सूचीलाई फ्रेमको रूपमा लिइएको | २०८२ वैशाखदेखि असारसम्म | २०८२ कात्तिक |
| २.४.३ | केही अस्थायी बालीको उत्पादन लागत अध्ययन सर्वेक्षण, २०८१ | राष्ट्रिय कृषिगणना, २०७८ को फ्रेम प्रयोग भएको | २०८१ माघदेखि २०८२ असारसम्म | २०८२ भदौ |
| २.४.४ | आन्तरिक पर्यटन सर्वेक्षण, २०८१/८२ | मुख्य तथ्याङ्क सङ्कलन कार्य सँगसँगै | २०८१ असोजदेखि २०८२ असोजसम्म | २०८२ चैत |
| २.४.५ | नेपाल बहुसूचक सर्वेक्षण, २०८१ | २०८० मंसिरदेखि चैतसम्म | २०८१ मंसिरदेखि २०८२ बैशाखसम्म | २०८२ मंसिर |

## २.५ आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन भएका सर्वेक्षण बाहेकका अन्य कार्यक्रमका प्रमुख नतिजासम्बन्धी विवरण

आर्थिक वर्ष २०८१/८२ मा सर्वेक्षणबाहेक केही महत्वपूर्ण कार्यक्रमहरू सम्पन्न भएको छ जसलाई देहायबमोजिम प्रस्तुत गरिएको छ।

### २.५.१ राष्ट्रिय जनगणना २०७८ को थप १६ वटा प्रतिवेदन

१. नेपालमा एकल महिला (Single Women in Nepal, Thematic Report-III)

- कुल घरपरिवारमध्ये १४ प्रतिशत घरपरिवारमा कम्तीमा एकजना एकल महिला
- एकल महिला रहेका घरपरिवारमध्ये १२ प्रतिशत घरपरिवारमा कम्तीमा एकजना विधवा महिला र दुई प्रतिशत घरपरिवारमा विधवा बाहेकका अन्य एकल महिला (सम्बन्ध विच्छेद, भिन्न बसेको र ३५ वर्ष वा सोभन्दा माथिका अविवाहित महिला)
- कुल घरपरिवारमध्ये ३१.५ प्रतिशत घरपरिवारमा महिला घरमुली रहेकोमा ७ प्रतिशत घरपरिवारमा एकल महिला तथा ६ प्रतिशत घरपरिवारमा विधवा महिला घरमुली

२. नेपालमा प्रजननदर (Fertility in Nepal, Thematic Report-IV)

- कुल प्रजननदर १.९४ प्रति महिला
- कोरा जन्मदर १४.२ प्रति हजार जन्म (बागमती प्रदेशमा सबैभन्दा न्यून र कर्णाली प्रदेशमा उच्च)

३. नेपालमा आन्तरिक बसाइँसराइ (Internal Migration in Nepal, Thematic Report-V)

- आन्तरिक बसाइँसराइ दर २९.२ प्रतिशत (बागमती प्रदेशमा आउनेको जनसङ्ख्या बढी)

४. नेपालमा अन्तर्राष्ट्रिय बसाइँसराइ (International Migration in Nepal, Thematic Report-VI)

- प्रवासनको प्रवृत्ति ७.५ प्रतिशत (पुरूष ८२.२ प्रतिशत, महिला १७.८ प्रतिशत)

- अनुपस्थित जनसंख्याको आधा हिस्सा २० देखि २९ वर्ष उमेर समूहका

५. नेपालमा जनसाङ्ख्यिक लाभांश (Demographic Dividend in Nepal, Thematic Report-VII)

- १५ वर्षमुनिको जनसङ्ख्या २७.८ प्रतिशत र ६५ वर्षभन्दा माथिको जनसङ्ख्या ६.९ प्रतिशत आश्रित जनसङ्ख्या
- जनसाङ्ख्यिक लाभांश सूचकाङ्क (Demographic Dividend Index – DDI) ०.७० रहेको जसले नेपालको जनसाङ्ख्यिक अवस्थाले मध्यावधि चरण पार गरेको देखाउँछ

६. नेपालको जनसङ्ख्या प्रक्षेपण (Population Projections for Nepal 2021-2051, Thematic Report-VIII)

- मध्यम परिदृष्यअनुसार नेपालको जनसङ्ख्या विक्रम सम्वत् २१०८ मा ३ करोड ३५ लाख पुग्नेछ जसको औसत वार्षिक वृद्धिदर (०.३५-०.५५ प्रतिशत) सम्म रहनेछ।

७. मृत्युको अवस्था (Mortality in Nepal, Thematic Report-IX)

- सन्दर्भ अवधिमा १,९२,१७८ घरपरिवारमध्येबाट कुल १,९८,४६३ जनाको मृत्यु भएको (५८ प्रतिशत पुरुष, ४२ प्रतिशत महिला)
- मत्यु भएको घरपरिवारमध्ये करिब ९७ प्रतिशत परिवारमा एक जनाको मात्र मृत्यु, तीन प्रतिशत परिवारमा दुई जनाको मृत्यु।कुनै कुनै परिवारमा छ जना सदस्यको मृत्यु भएको।

८. नेपालमा बुढ्यौलीको अवस्था (Ageing Situation in Nepal, Thematic Report-X)

- ६० वर्ष वा सोभन्दा माथिको उमेर समूहको जनसङ्ख्या १०.२ प्रतिशत रहेको
- ६० वर्ष वा सोभन्दा माथिको उमेर समूहमा पर्ने समग्र बुढ्यौली सूचकाङ्क ३६.७ (गण्डकी प्रदेशका जिल्लाहरूमा उच्चतम बुढ्यौली सूचकाङ्क)

९. नेपालमा बोलिने भाषाहरू (Languages in Nepal, Thematic Report-XI)

- १२४ वटा मातृभाषा, ११७ दोस्रो भाषा र १२४ पुर्ख्यौली भाषा

१०. नेपालमा वैवाहिक स्थिति (Nuptiality in Nepal, Thematic Report-XII)

- नेपालमा कुल जनसङ्ख्याको ३८ प्रतिशत अविवाहित पुरूष र २८ प्रतिशत अविवाहित महिला
- पारपाचुके भएका र छुट्टिएका महिलाहरूको सङ्ख्या ०.६५ प्रतिशत

११. नेपालमा मानिने धर्महरू (Religions in Nepal, Thematic Report-XIII)

- नेपालमा करिब ८१.२ प्रतिशत हिन्दु, ८.२ प्रतिशत बौद्ध, ५.१ प्रतिशत इस्लाम, ३.२ प्रतिशत किराँत र १.८ प्रतिशतले इसाई धर्म अपनाएका

१२. नेपालमा किशोरकिशोरी तथा युवाको अवस्था (Asolescents and Youth in Nepal, Thematic Report-XIV)

- २०.१ प्रतिशत किशोरकिशोरी (१०-१९ वर्ष) र १९.७ प्रतिशत युवा (१५-२४ वर्ष)
- किशोरकिशोरीको समग्र साक्षारतादर ९५.९ प्रतिशत र युवाको ९३.८ प्रतिशत
- पहिलोपटक विवाह गर्दाको औसत उमेर पुरूषमा २५.५ वर्ष र महिलामा २१.८ वर्ष

१३. नेपालमा सहरीकरण र विकास (Urbanization and Development in Nepal, Thematic Report-XV)

- वार्षिक औसत जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत (नगरपालिकाको वृद्धिदर १.३६ प्रतिशत, गाउँपालिकाको ०.११ प्रतिशत)
- मानव विकास सूचकाङ्क राष्ट्रिय औसतभन्दा बढी बागमती प्रदेश र गण्डकी प्रदेशमा। सबैभन्दा न्यून मधेस प्रदेशमा।
- बहुआयामिक गरिबी सबैभन्दा बढी कर्णाली प्रदेशमा (३९.५ प्रतिशत) र सबैभन्दा कम बागमती प्रदेशमा (७ प्रतिशत)।

१४. श्रमशक्ति तथा आर्थिक क्रियाकलापको अवस्था (Labour Force and Economic Activities in Nepal, Thematic Report-XVI)

- १० वर्ष वा सोभन्दा माथिको उमेर समूहको ६५.५ प्रतिशत आर्थिक रुपले सक्रिय जनसङ्ख्या
- आर्थिक रुपले सक्रिय जनसङ्ख्याको सबैभन्दा ठुलो उमेर समूह २५-२९ वर्ष
- आर्थिक रुपले सक्रिय जनसङ्ख्या सबैभन्दा धेरै बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा

१५. दलितसम्बन्धी तथ्याङ्कीय प्रतिवेदन

- कुल जनसङ्ख्याको १३.४ प्रतिशत दलित जनसङ्ख्या
- कुल दलितमध्ये पहाडी दलित ८.६ प्रतिशत र तराई दलित ४.८ प्रतिशत
- जम्मा दलित घर परिवार सङ्ख्या ८,७०,१५० रहेको जसमध्ये अति न्यून वर्गमा ३६ प्रतिशत, न्यून वर्गमा २४.४ प्रतिशत, मध्यम वर्गमा १९.५ प्रतिशत, उच्च वर्गमा १३.९ प्रतिशत र अति उच्च वर्गमा ६.२ प्रतिशत रहेको

१६. निर्वाचन क्षेत्रअनुसार जनसाङ्ख्यिक प्रतिवेदन

- सबैभन्दा बढी जनसङ्ख्याः काठमाडौं क्षेत्र न. २ (०.९ प्रतिशत)
- सबैभन्दा कम जनसङ्ख्याः मनाङ (०.०२ प्रतिशत)
- सबैभन्दा बढी जनसङ्ख्या वृद्दिदरः भक्तपुर क्षेत्र न. २ (४.५६ प्रतिशत)
- सबैभन्दा कम जनसङ्ख्या वृद्धिदरः रामेछाप क्षेत्र न. १ (१.६७ प्रतिशत)
- सबैभन्दा बढी निरक्षरः रौतहट क्षेत्र नं. २ (४७.६ प्रतिशत निरक्षर)
- सबैभन्दा बढी बेरोजगारः महोत्तरी क्षेत्र नं. २ (अक्सर सक्रियमध्ये १३.९ प्रतिशत जनसङख्या बेरोजगार)

## २.५.२ राष्ट्रिय लेखा अनुमानसँग सम्बन्धित प्रमुख सूचक

### (क) राष्ट्रिय

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० | २०८०/८१ प. | २०८१/८२ प्रा. |
|---|---|---|---|---|---|
| १ | कुल गार्हस्थ्य उत्पादन वृद्धिदर उपभोक्ताको मूल्यमा (आधार वर्षः २०६७/६८) | प्रतिशत | १.८७ | ३.६७ | ४.६१ |
| २ | कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा (आधार वर्षः २०६७/६८) | प्रतिशत | २.१६ | ३.३६ | ३.९९ |
| ३ | अर्थतन्त्रको आकार (प्रचलित मूल्यमा मापन गरिएको उपभोक्ताको मुल्यमा कुल गार्हस्थ्य उत्पादन) | रू दश लाख | ५३६६९९६ | ५७०९०९७ | ६१०७२२१ |
| ४ | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | US$ (डलर) | १३९३ | १४४३ | १४९६ |
| ५ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) | US$ (डलर) | १४१० | १४६७ | १५१७ |
| ६ | प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आय (प्रचलित मूल्यमा) | US$ (डलर) | १७६५ | १८६४ | १९४० |
| ७ | कुल गार्हस्थ्य उत्पादनको प्रतिशतको रूपमा अन्तिम उपभोग खर्च | प्रतिशत | ९३ | ९४ | ९३ |
| ८ | कुल गार्हस्थ्य बचत (जिडीपीको प्रतिशत) | प्रतिशत | ७.२ | ६.२ | ६.६ |
| ९ | कुल राष्ट्रिय बचत (जिडीपीको प्रतिशत) | प्रतिशत | ३३.९ | ३५.४ | ३६.२ |
| १० | कुल स्थिर पुँजी निर्माण (जीडिपीको प्रतिशत) | प्रतिशत | २४.६ | २४.३ | २४.१ |

नोटः प. - परिमार्जित, प्रा. – प्रारम्भिक

### (ख) प्रादेशिक

| क्र.सं. | सूचक | एकाइ | आर्थिक वर्षः २०८१/८२ (प्रारम्भिक) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| १ | प्रादेशिक कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा (आधार वर्षः २०६७/६८) | प्रतिशत | २.७३ | ३.८८ | ४.५६ | ४.८८ | ४.०८ | ४.१२ | २.७१ |
| २ | प्रादेशिक कुल गार्हस्थ्य उत्पादन वृद्धिदर उपभोक्ताको मूल्यमा (आधार वर्षः २०६७/६८) | प्रतिशत | ३.३४ | ४.५० | ५.१८ | ५.५१ | ४.७० | ४.७४ | ३.३२ |
| ३ | प्रादेशिक अर्थतन्त्रको आकार (प्रचलित मूल्यमा मापन गरिएको उपभोक्ताको मूल्यमा कुल गार्हस्थ्य उत्पादन) | रू. दश लाख | ९७०७४३ | ८०३९७० | २२३०२३३ | ५४८१६१ | ८६८८९६ | २५५५९१ | ४२९६२६ |
| ४ | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | US$ (डलर) | १४०१ | ९३२ | २६०१ | १६२० | १२०१ | १०८९ | ११५३ |

### २.५.३ मूल्य तथा उत्पादन सूचकाङ्क

### क. औद्योगिक उत्पादन तथा मूल्यसम्बन्धी नियमित सूचकाङ्क

आर्थिक वर्ष २०७१/७२ देखि आर्थिक वर्ष २०८०/८१ सम्ममा Manufacturing Production Index (MPI) २२.६ प्रतिशतले वृद्धि भएको छ भने सोही अवधिमा Manufacturing Production Price Index (MPPI) ५५ प्रतिशतले वृद्धि भएको पाइन्छ।

| आ.व. | २०७१/७२ | २०७२/७३ | २०८०/८१ | २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रथम त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक |
| MPI | १०० | ९०.२ | १२२.६ | १२३ | १२६.२ | १३०.९ |
| MPPI | १०० | १०८.८ | १५५ | १५९.४ | १६०.६ | १६२.६ |

### ख. निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क

आर्थिक वर्ष २०७१/७२ देखि आर्थिक वर्ष २०८०/८१ सम्ममा Input Price Index of Construction Sector- IPICS ४९.६ प्रतिशतले वृद्धि भएको पाइन्छ।

| आ.व. | २०७१/७२ | २०७२/७३ | २०८०/८१ | २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रथम त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक |
| **IPICS** | १०० | ११८.१ | १४९.६ | १५०.२ | १५१.७ | १५३.७ |

### ग. कृषि वस्तुहरूको उत्पादकको मूल्य सूचकाङ्क

आर्थिक वर्ष २०६९/७० देखि आर्थिक वर्ष २०८०/८१ सम्ममा Agriculture Producer Price Index (APPI) ७८.६ प्रतिशतले वृद्धि भएको पाइन्छ।

| आ.व. | २०६९/७० | २०७०/७१ | २०८०/८१ | २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रथम त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक |
| APPI | १०० | १०६.३ | १७८.६ | १८९ | १८७.७ | १८५ |

### २.५.४ अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program-ICP 2024) सँग सम्बन्धित मूल्य सूचकाङ्क

